प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

# बर्थिङ्ग सेन्टरहरुको विस्तार, औजार-उपकरण वितरण तथा दक्ष प्रसूतिकर्मी उत्पादन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७६

प्रदेश सरकार

प्रदेश नं ५

सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

## बर्थिङ्ग सेन्टरहरुको विस्तार, औजार-उपकरण वितरण तथा दक्ष प्रसूतिकर्मी उत्पादन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७६

माननीय मन्त्रीबाट स्वीकृत मितिः २०७६ माघ गते

### कार्यक्रम सञ्चालनका आधारभूत मार्गदर्शन

बर्थिङ्ग सेन्टरहरुको विस्तार, औजार-उपकरण वितरण तथा दक्ष प्रसूतिकर्मी उत्पादन कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम सञ्चालन गर्ने निकाय तथा यसमा संलग्न पदाधिकारीहरुले देहायका मार्गदर्शनहरुको पालना गर्नुपर्नेछः

१. यो आधारभूत मार्गदर्शन सामाजिक विकास मन्त्रालय र मातहतका निकायबाट आर्थिक वर्ष २०७६/७७मा सञ्चालन गर्ने बर्थिङ्ग सेन्टरहरुको विस्तार, औजार-उपकरण वितरण तथा दक्ष प्रसूतिकर्मी उत्पादन कार्यक्रम कार्यान्वयन सहजीकरणका निमित्त तयार गरिएको छ।

२. यो आधारभूत मार्गदर्शन र कार्यक्रम सञ्चालनसँग सम्बन्धित प्रचलित कानून बाझिएमा प्रचलित कानून अनुसार नै कार्यसम्पादन गर्नुपर्नेछ।

३. यस मार्गदर्शनमा उल्लेखित विषयहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सम्बन्धित संस्था प्रमुखको हुनेछ।

४. कार्यक्रम सञ्चालन गर्नुपूर्व प्रचलित कानूनको प्रावधान अनुकूल हुने गरी कार्यक्रमको उद्देश्य, कार्यक्रम सञ्चालन प्रक्रिया, कार्यक्रममा लाग्ने अनुमानित खर्च बाँडफाँट, कार्यक्रमका सहभागी तथा स्रोत व्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान र मिति आदि उल्लेख गरी कार्यक्रमको रुपरेखा तथा अवधारणा (Detail Program Framework and Concept) संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट टिप्पणी आदेशबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

५. कार्यक्रम सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही प्रचलित कानूनको अधिनमा रही मितव्ययी, पारदर्शी तथा दक्षता तथा नतिजामूलक तवरले कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

६. कार्यक्रम सञ्चालन अवधिमा कार्यक्रम सञ्चालनसँग सम्बन्धित कुनै ऐन, नियमावली, कार्यविधि, निर्देशिका संशोधन भएमा संशोधन भएको प्रावधान अनुसार गर्नुपर्नेछ।

७. कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति चौमासिक र वार्षिक रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ।

८. कार्यक्रमहरु सञ्चालन गर्दा नतिजामूलक ढाँचा(Result Framework), स्वीकृत कार्ययोजना, समयसारिणी र स्वीकृत खरिद योजना अनुसार गर्नुपर्नेछ।



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

९. तालिमहरु सञ्चालन गर्दा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्डको सीमाभित्र रही सञ्चालन गर्नु पर्नेछ।

१०.कार्यक्रम सम्पन्न भएपछि कार्यक्रमहरुको सार्वजनिक परीक्षण गराएर मात्र फरफारक गराउने व्यवस्था मिलाउनुपर्नेछ।

११.चिकित्सकीय औजार उपकरण खरिद गर्दा प्रचलित कानून बमोजिम योग्यता पुगेको बायो मेडिकल ईन्जिनियरबाट यसको स्पेसिफिकेशन तयार गर्नु पर्नेछ ।

१२. कार्यक्रमको खर्च गर्दा एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ (दोस्रो परिमार्जन) को खर्च संकेतको व्याख्यालाई आधार मानी खर्च गर्नुपर्नेछ।

१३.प्लासेन्टा पिट निर्माण गर्दा स्वास्थ्य भवन तथा पुर्वाधार सम्बन्धी निर्देशिका, २०७४ (भाग-२) ले निर्धारण गरेको मापदण्ड अनुसार गर्नु पर्नेछ (अनुसूची-२)।

१४. प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारबाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शीर्षकहरुमा बाँडफाँट गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

१५. तालिम सञ्चालन गर्दा स्वास्थ्य मन्त्रालय अन्तरगतको स्वास्थ्य तालिम केन्द्रले सम्बन्धित विषमा निर्धारण गरेको निर्देशिका तथा Module को पुर्ण पालन गर्नु पर्नेछ।

१६. बर्थिंग सेन्टर स्थापना हुने स्वास्थ्य संस्था, प्रयोगशाला उपकरण रहने स्वास्थ्य संस्था र USG मेसिन सञ्चालन हुने स्वास्थ्य संस्थाको छनौट स्वास्थ्य निर्देशकको संयोजकत्वमा प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रका प्रमुख,सदस्य; प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाका प्रमुख सदस्य; र मन्त्रालयका अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा प्रमुख रहेको प्राविधिक समितिको निर्णयले हुनेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

## कार्यक्रमको रुपरेखा

१. कार्यक्रमको नामः **बर्थिङ्ग सेन्टरहरुको विस्तार, औजार-उपकरण वितरण तथा दक्ष प्रसूतिकर्मी उत्पादन**

२. **कार्यक्रम स्थलः** प्रदेशभित्रका बर्थिङ्ग सेन्टर नभएका वा यस सम्बन्धी उपकरणको कमी भएका स्वास्थ्य संस्थाहरु

३. **लक्ष्यः** कम्तीमा १२० वटा बर्थिङ्ग सेन्टर

४. **परिमाणात्मक लक्ष्यः**

क. १०० वटा स्वास्थ्य संस्थाहरुमा बर्थिङ्ग सेन्टरहरुको सुदृढीकरण

ख. १५ वटा वर्थिंग सेन्टर भएका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य प्रयोगशाला स्थापना

ग. ३० वटा PHC/अस्पताल तथा वर्थिंग सेन्टर भएका स्वास्थ्य संस्थाहरुमा USG सेवा विस्तार

घ. २९० जना नर्सहरूलाई SBA (Skilled Birth Attendant) तालिम

ङ. १२ जना चिकित्सकलाई Advanced SBA तालिम

च. सुरक्षित मातृत्वका लागि ३० जना चिकित्सक तथा स्टाफ नर्सहरुलाई Rural Ultrasound तालिम

५. **कार्यक्रमको मुख्य उद्देश्यः** प्रदेशमा नवजात शिशु तथा मातृ रुग्णता दर र मृत्युदर घटाउने

६. **कार्यक्रमका सम्भागहरु**

क. तालीम (Advanced/Skilled Birth Attendant र Rural Ultrasound तालिम)

ख. औजार तथा उपकरण खरिद तथा वितरण

ग. प्लासेन्टा पिट निर्माण

७. **कार्यक्रमका खर्च क्षेत्र**

| विवरण | एकाई | परिमाण | अनुमानित दर | रकम | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. प्रयोगशाला विस्तारका ल्यावका औजार उपकरण खरिद तथा ढुवानी | सेट | १५ | ५ लाख | ७५,००,००० | प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्र |
| २. बर्थिङ्ग सेन्टर विस्तारका लागि | सेट | १०० | ५ लाख | ५,००,००,००० | प्रदेश स्वास्थ्य आपूर्ती |



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

| विवरण | एकाई | परिमाण | अनुमानित दर | रकम | जिम्मेवारी |
|---|---|---|---|---|---|
| औजार तथा उपकरण खरिद तथा ढुवानी (अनुसूची-१) | | | | | व्यवस्थापन केन्द्र |
| ३. Rural Ultrasound (USG ) मेशिन खरिद तथा ढुवानी | वटा | ३० | १० लाख | ३,००,००,००० | प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्र |
| ४. SBA तालिम सञ्चालन (प्रति व्याच १० जना) | जना | २९० | ९ लाख प्रति व्याच (२९ व्याच) | २,६१,००,००० | स्वास्थ्य तालिम केन्द्र |
| ५. Advanced SBA तालिम सञ्चालन | जना | १२ | १ लाख ५० हजार | १८,००,००० | स्वास्थ्य तालिम केन्द्र |
| ६. Rural Ultrasoundतालिम सञ्चालन | जना | ३० | ५० हजार | १५,००,००० | स्वास्थ्य तालिम केन्द्र |
| ७. प्लासेन्टा पिट निर्माण | वटा | ३० | १ लाख प्रति पिट | ३०,००,००० | स्वास्थ्य कार्यालयहरु |
| ८. अनुगमन तथा सुपरीवेक्षण | | | | १,००,००० | सामाजिक बि. म. |
| १. SBA Training आवासीय ६० दिने तालिम, नेपाल सरकारको मापदण्ड बमोजिम<br>२. Advanced SBA Training आवासीय ७० दिने तालिम, नेपाल सरकारको मापदण्ड बमोजिम<br>३. Rural Ultra Sound तालिम २१ दिने- नर्सिङ र चिकित्सक, नेपाल सरकारको मापदण्ड बमोजिम | | | | | |

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

## ८. तालिम अनुमानित विवरण

| तालिमको नाम | तालिम स्थान |
|---|---|
| १. SBA तालिम | भिम अस्पताल, लुम्बिनी प्रादेशिक अस्पातल, आम्दा सामुदायिक अस्पताल बुटवल, मिसन अस्पताल-पाल्पा, भेरी अस्पताल, लुम्बिनी मेडिकल कलेज -पाल्पा, आदि। |
| २. Advanced SBA तालिम | नेपाल सरकारका प्रसूतिगृहहरु |
| ३. Rural Ultrasound तालिम | भेरी अस्पताल-नेपालगंज, मिसन अस्पताल पाल्पा, थापाथलि प्रसूतिगृह आदि |

## ९. कार्यक्रम संचालन गर्ने निकाय

| कार्यक्रम | निकाय |
|---|---|
| १. प्रयोगशाला विस्तारका ल्यावका औजार उपकरण खरिद तथा ढुवानी | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र |
| २. बर्थिङ्ग सेन्टर विस्तारका लागि औजार तथा उपकरण खरिद तथा ढुवानी (अनुसूची-१) | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र |
| ३. USG मेशिनखरिद तथा ढुवानी | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र |
| ४. SBA तालिम | स्वास्थ्य तालिम केन्द्र |
| ५. Advanced SBA तालिम | स्वास्थ्य तालिम केन्द्र |
| ६. Rural Ultrasound तालिम | स्वास्थ्य तालिम केन्द्र |
| ७. प्लासेन्टा पिट निर्माण | स्वास्थ्य कार्यालयहरु |

## १०. निर्देशक समितिः

प्रदेशमा नवजात शिशु तथा मातृ रुग्णता दर र मृत्यु दर घटाउने उद्देश्यले बर्थिङ सेन्टरहरुको विस्तार, औजार, उपकरण वितरण तथा दक्ष प्रसूतिकर्मी उत्पादन कार्यक्रमका नीतिगत मार्गदर्शन तथा सहजीकरणको लागि प्रदेश स्तरमा देहाय बमोजिम निर्देशक समिति रहनेछ ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

क. मन्त्री, सामाजिक विकास मन्त्रालय - संयोजक

ख. सचिव, मुख्य मन्त्री तथा मन्त्रीपरिषद कार्यालय- सदस्य

ग. सचिव, सामाजिक बिकास मन्त्रालय - सदस्य

घ. निर्देशक, स्वास्थ्य निर्देशनालय–सदस्य

ङ. निर्देशक,प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र - सदस्य

च. निर्देशक, प्रदेश स्वास्थ्य तालिम केन्द्र - सदस्य

छ. महाशाखा प्रमुख,अस्पताल बिकास तथा चिकित्सा सेवा-सदस्य सचिव

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

## कार्यक्रमका सम्भागहरु

**१. स्वास्थ्य संस्थाहरुमा प्रयोगशालाको लागि औजार उपकरण वितरणः**

| बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|
| ७५ लाख | सेट | १५ वटा सेट | दोश्रो र तेश्रो चौमासिक |

१) **परिचयः** प्रदेशभित्रका स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय स्वास्थ्य सेवा विस्तारको लागि सरकारी स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला विस्तार गर्ने।

२) **उद्देश्यः**

क. प्रयोगशाला नभएका स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला स्थापना गरी रोग निदान सेवा विस्तार गर्ने।

ख. समयमा नै सम्भावित खतराहरु पहिचान गरी सुरक्षित मातृत्व कार्यक्रमको गुणस्तरियता वृद्धि गर्ने।

३) **अपेक्षित प्रतिफलः** बिरामीहरुको शुरुको अवस्थामा नै पहिचान गरी हुन सक्ने रुग्णता तथा मृत्युदरमा कमी ल्याउने।

४) **सञ्चालन गर्ने निकायः** प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र।

५) **सञ्चालन विधिः**

क. प्रयोगशाला संञ्चालन तथा विस्तारको लागि आवश्यक औजार उपकरणहरुको सूची तयार गर्ने।

ख. दक्ष प्राबिधिकबाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने।

ग. सार्वजनिक खरिद ऐन अनुसार खरिद हुने सामानको लागत अनुमान तयार पार्ने

घ. सार्वजनिक खरिद ऐन नियमावली अनुसार खरिद प्रक्रिया अगाडि बढाउने।

ङ. दक्ष प्राबिधिकको उपस्थितिमा पोस्टसिपमेन्ट ईन्सपेक्सनको आधारमा दाखिला गर्ने।

च. सामाजिक विकास मन्त्रालयबाट पहिचान भएका अस्पताल तथा स्वास्थ्य संस्थालाई प्रयोगशाला सम्बन्धी सामाग्री वितरण गर्ने।

६) **लक्षित समूहः**प्रयोगशाला सेवा नरहेका तथा सेवाको पहुँचबाट टाढा रहेका १५ वटा स्वास्थ्य संस्थाका सेवाग्राही।

७) **अभिलेख प्रतिवेदनः** सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

२. बर्थिंग सेन्टरहरुको विस्तार तथा सुदृढीकरणः

| बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|
| ५ करोड | सेट | १०० सेट | दोश्रो तथा तेश्रो चौमासिक |

१) **परिचयः** प्रदेशभित्रका स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय सुरक्षित मातृत्व सेवा विस्तारको लागि सरकारी स्वास्थ्य संस्थाहरुमा प्रसूति केन्द्र विस्तार तथा सुदृढीकरण गर्ने ।

२) **उद्देश्यः**

क. आमा सुरक्षा कार्यक्रम बिस्तार

ख. प्रसूति सेवा केन्द्र बिस्तार तथा सुदृढीकरण

३) **अपेक्षित प्रतिफलः** सुरक्षित प्रसूति सेवा विस्तार गरी रुग्णता तथा मृत्युदरमा कमि ल्याउने ।

४) **कार्यन्वयन गर्ने निकायः** प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल।

५) **सञ्चालन विधिः**

क. बर्थिंग सेन्टर संञ्चालन तथा विस्तारको लागि आवश्यक औजार उपकरणहरुको सूची तयार गर्ने।

ख. दक्ष प्राविधिकबाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने।

ग. सार्वजनिक खरिद ऐन कानुन अनुसार लागत अनुमान तयार गर्ने

घ. सार्वजनिक खरिद ऐन नियमावली अनुसार खरिद प्रक्रिया अगाडि बढाउने।

ङ. दक्ष प्राविधिकको उपस्थितिमा पोस्टसिपमेन्ट ईन्सपेक्सनको आधारमा दाखिला गर्ने।

च. सामाजिक विकास मन्त्रालयबट पहिचान भएका अस्पताल तथा स्वास्थ्य संस्थालाई प्रसूती सेवा सुदृढीकरणका लागि सामाग्री वितरण गर्ने।

६) **लक्षित समूहः** प्रसूति सेवा रहेका संस्थाहरुको सेवा सुदृढीकरण र नरहेका संस्थाहरुमा सेवा विस्तार गरिने क्षेत्रका आमा तथा नवजात शिशुहरु।

७) **अभिलेख प्रतिवेदनः** सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ।

३. **Ultra-Sonography Machine खरिदः**

| बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|
| ३ करोड | गोटा | ३० | दोश्रो र तेश्रो चौमासिक |

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

प्र. ५ नं. सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

१) **परिचयः** प्रदेश भित्रका सरकारी स्वास्थ्य संस्थाहरुमा USG Machine सेवा विस्तार गरी रोग निदान तथा सेवाको गुणस्तर वृद्धि गर्ने।

२) **उद्देश्यः**

क. रोग निदान गर्ने

ख. USG Machine सेवा नभएका स्वास्थ्य संस्थाहरुमा सेवा विस्तार गर्ने।

३) **अपेक्षित प्रतिफलः** बिरामीहरुको शुरुको अवस्थामा नै पहिचान गरी रुग्णता तथा मृत्युदरमा कमि ल्याउने।

४) **कार्यन्वयन गर्ने निकायः** प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र।

५) **सञ्चालन विधिः**

क. दक्ष प्राबिधिकबाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने।

ख. सार्वजनिक खरिद ऐन अनुसार लागत अनुमान तयार पार्ने

ग. सार्वजनिक खरिद ऐन नियमावली अनुसार खरिद प्रक्रिया अगाडि बढाउने।

घ. दक्ष प्राबिधिकको उपस्थितिमा पोस्टसिपमेन्ट ईन्सपेक्सनको आधारमा दाखिला गर्ने।

ङ. सामाजिक विकास मन्त्रालयबट पहिचान भएका अस्पताल तथा स्वास्थ्य संस्थालाई USG मेसिन वितरण गर्ने।

६) **लक्षित समूहः** USG Machine नरहेका तथा सेवाको पहुँचबाट टाढा रहेका १५ वटा स्वास्थ्य संस्थाका नागरिकहरु।

७) **अभिलेख प्रतिवेदनः** सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ।

**४. Advanced दक्ष प्रसूतिकर्मी सेवाकालीन तालिमः**

१) **परिचयः** यो तालिम नेपाल सरकारको दक्ष प्रसूतिकर्मी नीति २००६ मा आधारित क्लिनिकल तालिम सहभागीहरुलाई Obstetric Emergencyव्यवस्थापन गर्न सक्षम वनाउन तयार पारिएको हो। तालिमको पहिलो भागमा SBAको दक्षता को विषयमा तथ्यहरुको अध्ययन र मोडेलमा आधारित प्रयोगात्मक सिपहरुको विषयमा केन्द्रित हुनेछ ।सहभागीहरुले मोडेलमा प्रयोग गरेका प्रयोगात्मक सीपहरुलाई तालिम प्राप्त प्रशिक्षकको निगरानीमा वास्तविक सेवाग्राहीमा प्रयोग गर्नेछन्।तालिम अवधिभर सहभागिहरुलाई प्रशिक्षण प्रभावकारी बनाउन थप घटना अध्ययन तथा भूमिका नाटक जस्ता विधिहरु प्रयोग गरेर सिकाईलाई प्रभावकारी बनाउनु पर्नेछ।तालिमको पहिलो हप्तामा सहभागिमा भएको SBA सम्बन्धी सीपहरूको मूल्याङ्कन गरिनेछ ।



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

२) **उद्देश्यः**

क. सहभागिहरुमा Advanced Skilled Birth Attendant Surgical Skills learning Package for Medical officers (Guidebook for Trainers), NHTC/MoH २०१३ अनुसार Obstetric Emergency को व्यवस्थापन गर्न आवश्यक सवै ज्ञान र सीपहरु अभिबृद्धि गर्न र अन्य EmONC मा Advanced Skill भएका प्रसूतिकर्मीहरुसँग समन्वय गरेर कार्य गर्न सक्षम बनाउने;

ख. सहभागिहरुमा Obstetric Emergencyको अवस्थामा निर्णय गर्न सक्ने क्षमताको विकास गर्ने;

ग. सहभागीहरुलाई अन्तर ब्यक्ति संचारका सिपहरु सम्बन्धि तालिम दिई महिला र नवजात शिशुको अधिकार, स्वास्थ्य, गोपनियता तथा सम्मानको महत्वको वारेमा जानकारी दिने।

३) **अवधिः**७० दिन (१० हप्ता)

क. Advanced SBA Guidelines ले निर्धारण गरेको तालिम अवधिभर सहभागीलाई विभिन्न किसिमको अनुभव दिलाउन अस्पतालको विभिन्न सेवाको लागि खटाउनु पर्नेछ जसले गर्दा सहभागीहरुले आधारभूत तथा Advanced SBAसम्बन्धी सीपहरु हासिल गर्नेछन्।

ख. Advanced SBA Module अनुसार तालिम सञ्चालन गर्नु पर्नेछ।

ग. सहभागिहरुले १५ वटा जति Cases मा सहयोग गरिसकेपछि मात्र १५ देखि २० वटा Cases स्वयमले सुपरिवेक्षकको निगरानिमा गर्नुपर्दछ। तालिमको प्रमाणपत्र प्राप्त गर्न कम्तीमा १५ वटा Case C/S गरेको हुनुपर्नेछ।

घ. दक्षतामा आधारित तालिम भएको कारण यदि कुनै सहभागीले सम्पूर्ण ज्ञान र सीप हासिल गरी सेवा दिन सक्षम भएको अवस्थामा प्रशिक्षकको निर्णय बमोजिम निजलाई १ हप्ता अगाडि छोड्न सकिनेछ। यदि सहभागिले तोकिएको समय अवधिमा सम्पुर्ण ज्ञान र सीप हासिल गर्न सक्षम नभएमा प्रशिक्षकले १ देखि २ हप्ता थप गर्न सक्नेछन्।

४) **सहभागी संख्याः** ४ जना प्रति ब्याच/पटक

५) **प्रशिक्षकः** ४ जना (प्रशिक्षक सहभागी अनुपात कम्तीमा१:१)

६) **सहभागि छनौटका आधारः**

क. कम्तीमा एक वर्षको अनुभव भएका र सेवामा संलग्न चिकित्सक हुनुपर्नेछ

सामाजिक विकास मन्त्री

ख. सहभागिहरुमा आफै पढेर Maternal and Newborn Care Learning Resource Package for Skilled Birth Attendantsवा SBAसेवाकालीन तालिम मा भाग लिएर भएपनि Core SBA Skilled हुनुपर्नेछ

ग. सहभागिहरु CEONC सेवाका साथै Anesthesia, रक्तसंचार सेवा र निस्सासिएको नवजात शिशु स्याहार सम्बन्धी सेवाहरु उपलब्ध भएको Secondary Level Health Facility मा कार्यरत हुनुपर्नेछ ।

घ. सहभागि तालिम पश्चात कम्तीमा २ बर्ष CEONC सेवा सुचारु भएको अस्पतालमा काम गर्न इच्छुक हुनुपर्नेछ।

७) **प्रशिक्षक छनौटका आधारः**

क. क्लिनिकल तालिम सीप लिएको प्रमाणपत्र प्राप्त भएको हुनुपर्नेछ

ख. SBA तालिम प्राप्त भई SBA Training Site मा सेवा दिईरहेको हुनुपर्नेछ,

ग. Emergency Obstetric Care मा संलग्न Consultant Obstetrician/Registrars हुनुपर्नेछ

घ. Advanced SBA तालिममा प्रशिक्षण गर्न इच्छुक हुनुपर्नेछ।

८) **प्रमाणपत्र प्रदानः**तालिम अवधि सफलतापूर्वक पुरा गरी तालिम मूल्याङ्कनका सम्पूर्ण आधार पुरा गरेका सहभागीहरुले प्रशिक्षकको सिफारिसमा प्रोभिजनल प्रमाणपत्र प्राप्त गर्नेछन र कम्तीमा १५ केशलाई C/S सेवा प्रदान गरे पश्चात मात्रै प्रशिक्षकको सिफारिश अनुसार स्वास्थ्य तालिम केन्द्रले तालिम लिएको प्रमाण पत्र प्रदान गर्नेछन।

**५. दक्ष प्रसूतिकर्मी सेवाकालीन तालिमः**

१) **परिचयः** यो दक्षतामा आधारित तालिम हो। मुख्य गरी सेवा प्रदायकहरुमा सुरक्षित मातृत्व सेवाकोलागि सैद्धान्तिक ज्ञान र सीप अभिबृद्धि गर्नको लागि तयार गरिएको छ। यसमा तालिम शुरु हुनु पूर्व, तालिम अवधिभर र तालिमको अन्तिममा पाठ्यक्रममा आधारित भएर प्रश्नहरु/चेकलिष्ट तयार गरि सहभागीहरुको ज्ञान र सीपको मूल्याङ्कन गरिनेछ। सहभागीहरुलाई शुरुमा मोडेलमा अभ्यास गर्न लगाई दक्ष भएपछि सुपरिवेक्षकको निगरानिमा सेवाग्राहीमा सीपको अभ्यास गराइनेछ र तालिमको अन्तिममा सम्पूर्ण ज्ञान र सीप हासिल भए नभएको एकिन गर्नुपर्नेछ । यदि सहभागिले तोकिएको समयावधिमा सम्पूर्ण ज्ञान र सीप हासिल गर्न सक्षम नभएको अवस्थामा आर्थिक भार नपर्ने गरी प्रशिक्षकले १ हप्ता थप गरी सहभागीलाई दक्ष बनाउनु पर्नेछ।

सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

२) **उद्देश्यः** मातृ स्वास्थ्य (सुरक्षित मातृत्व) सेवाको लागि अ.न.मी. र स्टाफ नर्सहरुले २७ वटा भागमा रहेका आवश्यक सबै सीपहरु (राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र र परिवार स्वास्थ्य महाशाखा २०१५ को Maternal and Newborn Care Learning Resource Package for Skilled Birth Attendants अनुसार) प्रदर्शन गर्ने दक्षता हासिल गर्ने ।

३) **अवधिः** ६० दिन।

४) **सहभागी संख्याः** ८-१४ जना प्रति ब्याच/पटक (स्टाफ नर्स र अ.न.मी.)

५) **प्रशिक्षकः** ४ जना (प्रशिक्षक सहभागी अनुपात कम्तीमा १:३)

६) **सहभागि छनौटका आधारः**

क. सम्बन्धित काउन्सिलमा दर्ता भएको स्टाफ नर्स र अ.न.मी. हुनुपर्नेछ

ख. यो तालिम पहिले नलिएको र तालिम पश्चात सेवा प्रवाह गर्न इच्छुक व्यक्ति र संस्था हुनुपर्नेछ

ग. बर्थिङ सेन्टरमा कम्तीमा २ जना तालिम प्राप्त दक्ष प्रसूतिकर्मि नभएका स्वास्थ्य संस्था हुनुपर्नेछ

घ. १ जना पनि तालिम प्राप्त दक्ष प्रसूतिकर्मि उपलब्ध नभएका स्वास्थ्य संस्थालाई बिशेष प्राथमिकतामा राख्नुपर्नेछ।

७) **प्रशिक्षक छनौटका आधारः**

क. क्लिनिकल तालिमसीप लिएको प्रमाणपत्र प्राप्तभएको चिकित्सक वा स्टाफ नर्स हुनुपर्नेछ।

ख. SBA Core सीपहरु हासिल भएको चिकित्सक वा नर्स हुनुपर्नेछ।

ग. Clinical Expert रनवजात शिशु स्याहार, PMTCT र Family Planning सम्बन्धित तालिम प्राप्त हुनुपर्नेछ।

८) **प्रमाणपत्र प्रदानः** सम्बन्धित प्रशिक्षकले सिफारिस गरेपछि मात्र स्वास्थ्य तालिम केन्द्रले प्रमाणपत्र प्रदान गर्नुपर्नेछ।

## ६. स्वास्थ्यकर्मीहरुको लागि रुरल अल्ट्रासाउण्ड तालिमः

१) **परिचयः** दूर्गम तथा भौगोलिक विकट क्षेत्रमा अल्ट्रासाउन्ड विशेषज्ञ (Consultant Radiologist) को सेवा पुर्याउन कठिन हुने भएको र त्यस्ता क्षेत्रका गर्भवती महिलाहरुको गर्भमा रहेको समस्या र जटिलताहरुलाई समयमै पत्ता लगाई उचित व्यवस्थापन गर्न जरुरी भएकोले यो रुरल अल्ट्रासाउन्ड तालिमको योजना गरिएको छ।भौगोलिकरुपमा विकट क्षेत्रमा रहेका गर्भवती

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

महिलाहरुको पहुँचमा यो प्रविधि पुर्याउन सके उनीहरुमा रहेका स्वास्थ्य समस्या र जटिलताको समयमा नै पहिचान र व्यवस्थापन गरी गर्भवती महिलाको स्वास्थ्यमा सुधार तथा मातृ तथा नवशिशु मृत्यु कम गर्न सकिन्छ। दूर्गम तथा भौगोलिक विकट क्षेत्रमा बसोबास गर्ने समुदायका गर्भवती महिलाहरुको गर्भमा रहेको समस्या र जटिलताहरुलाई मात्र अल्ट्रासाउन्ड गरी समयमै पत्ता लगाई उचित व्यवस्थापन गर्नका लागि नर्सिंग स्टाफलाई सक्षम बनाउन यो रुरल अल्ट्रासाउन्ड तालिम कार्यक्रम राखिएको छ।यसै अवधारण अनुसार विपन्न बस्ती, दूर्गम तथा भौगोलिक विकट क्षेत्रमा कार्यरत नार्सिंग स्टाफहरुलाई गर्भवती महिलाहरुको Portable Ultrasound Machine द्वारा गर्भको Scanning गर्न सक्षम बनाउन तालिम कार्यक्रम राखिएको छ ।

२) **उद्देश्यः** दूर्गम तथा भौगोलिक विकट जिल्लाका स्वास्थ्य संस्थामा कार्यरत नर्सहरुले Portable Ultrasound Machine द्वारा गर्भको Scanगरी जटिलताको समयमै पहिचान गरी सम्वन्धित संस्थामा प्रेषण गर्न सक्षम बनाउने ।

३) **अवधिः** २१ दिन

४) **सहभागी संख्याः** ५ जना प्रति ब्याच/पटक

५) **प्रशिक्षकः** ४ जना (प्रशिक्षक सहभागी अनुपात कम्तीमा १:१)

६) **सहभागीको छनौटको आधारः**

क. सामान्यतया दूर्गम तथा भौगोलिक विकट जिल्लामा कार्यरत स्टाफ नर्स वा अनमी हुनुपर्नेछ।

ख. SBA तालिम प्राप्त दक्ष प्रसूतिकर्मी हुनुपर्नेछ।

ग. तालिम पश्चात जुन क्षेत्रबाट आएको हो सोहि क्षेत्रमा बसी कम्तीमा २ बर्ष सेवा गर्न ईच्छुक हुनुपर्नेछ।

७) **प्रशिक्षक छनौटको आधारः**

क. सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको रेडियोलोजी विषयमा स्नाकोत्तर उपलव्धी प्राप्त चिकित्सक वा

ख. क्लिनिकल तालिमसीप र Portable Ultrasound Machine सम्बन्धि तालिम प्राप्त चिकित्सक हुनुपर्ने।

सुदर्शन ढकाल
सामाजिक विकास मन्त्री

८) **प्रमाणपत्र प्रदानः** सम्बन्धित प्रशिक्षकले सिफारिस गरेपछि मात्र स्वास्थ्यतालिम केन्द्रले प्रमाणपत्र प्रदान गर्नुपर्दछ।

**७. नयाँ बिस्तार हुने तथा पुराना बर्थिङ सेन्टरहरु सुदृढीकरण गर्न प्लासेन्टा पिट निर्माणः**

१) **परिचयः** प्रदेशभित्रका स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय सुरक्षित प्रसूति सेवा विस्तारको लागि तथाप्लासेन्टा पिट नभएका पुराना बर्थिङ सेन्टरहरुमा नेपाल सरकारको मापदण्ड अनुरुप प्लासेन्टा पिट निर्माण गरी सालनालको व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको छ।

२) **उद्देश्यः** मापदण्ड अनुरुप प्रसूति सेवा केन्द्र बिस्तार तथा सुदृढीकरण गर्ने।

३) **अपेक्षित प्रतिफलः** सुरक्षित प्रसूति सेवा विस्तार गरी रुग्णता तथा मृत्युदरमा कमि ल्याउने।

४) **कार्यन्वयन गर्ने निकायः** स्वास्थ्य कार्यालयहरु

५) **सञ्चालन विधिः**

क. प्लासेन्टा पिट निर्माणको लागि आवश्यक भएका स्वास्थ्य संस्थाहरुको सुचि तयार तयार गर्ने।

ख. उपलब्ध स्रोत, स्थानीय आवश्यकताको आधारमा प्राथमिकीकरण गर्ने र स्वास्थ्य संस्थाहरुको सूची स्वास्थ्य निर्देशनालयमा छनौटको लागि सिफारिस गर्ने ।

ग. स्वास्थ्य निर्देशनालयबाट पहिचान भएका स्वास्थ्य संस्थाहरुमा प्रचिलत नियम अनुसार प्लासेन्टा पिट निर्माणको कार्य अगाडी बढाउने।

घ. मन्त्रालय र निर्देशनालयले कार्यक्रमको अनुगमन गर्ने।

ङ. निर्माणको कार्य सम्पन्न भइसकेपछि सोको आवश्यक मूल्याङ्कनगरी स्वास्थ्य कार्यालयले फरफारक गर्ने

च. कार्यक्रमको सार्वजनिक परीक्षण गर्ने र प्रगति समीक्षा गर्ने।

६) **लक्षित समूहः** प्रसूति सेवा प्रदान गरिरहेका तथा सेवा विस्तार गर्ने स्वास्थ्य संस्थाहरु

७) **अभिलेख प्रतिवेदनः** सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नुपर्नेछ।

सामाजिक विकास मन्त्री

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

## अनुसूची -१

**Birthing Centre:** स्थापना तथा विस्तारका लागि औजार उपकरणको विवरण

1. Furniture :
   a. Examination /ANC bed/table, Chair and bench at waiting room for clients.
   b. Delivery table with stand pad for leg support
   c. Double foot Step
   d. Table
2. Mattress with water proof cover for bed-2
3. Pillow with water proof cover-2
4. Newborn resuscitate- Newborn corner
5. Mattress
6. Suction machine
7. Suction tube
8. Oxygen canula and mask
9. Oxygen cylinder
10. Ambu-bag and 2 masks(0 and 1 size)
11. Cupboard for medicine and instrument
12. Weighing machine pan type for infant.
13. Water Tank- 1000 lit
14. Instrument trolley (2) mobile light-1
15. Emergency light (1) (Inverter for Electrical light/Solar/battery emergency light)
16. I/V Stand (2)
17. Electric Suction/ foot suction combined (adult size)
18. Stethoscope
19. BP Instrument
20. Foetoscope (aluminum)
21. Room heater (Gas/electricity operated) for Labor room
22. Digital thermometer(centigrade)
23. Room thermometer
24. Standard Delivery set-3
25. Cheattle Focep with Jar
26. Surgical drums that fits an autoclave

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

अनुसूची-२

**प्लासेन्टा पिट निर्माणको मापदण्ड तथा डिजाइन**

१. **नापः** खाल्डोको ब्यास १.५मी. र गहिराई ३ देखि ४ मी. सम्म बनाउन उपयुक्त हुन्छ ।

२. **खाल्डोको भित्ताः** खाल्डोको भित्ता भत्किन नदिन त्यस भित्ता इँटाको वा ढुंगाको गारोले बनाउन उपयुक्त हुन्छ । सामग्री उपलब्ध हुने स्थानहरुमा सिमेन्ट रिङ्ग लगाइ पनि यसको निर्माण गर्न सकिन्छ । यसरी सिमेन्ट रिङ्गबाट बनाएको अवस्थामा रिङ्गहरुको जोर्नीलाई १:३ सिमेन्त बालुवाको मसला लगाएर राम्ररी टाल्नु पर्दछ । भूमिगत पानीको सतह धेरै माथि रहेको स्थानहरुमा यस भूमिगत पानी प्रदूषण हुने संभावना रहने भएकाले खाल्डोको भित्ता र भुईंलाई राम्ररी वाटरप्रुफिङ्ग गरिनु पर्दछ ।

३. **ढकनीः** यस पिटमा फलामको ३०० X ४५० साइजका ढकनी राख्न पर्छ । यो ढकनी सालनाल फाल्नलाई मात्र खोलिन्छ । चरा, मुसा, झिंगा आदि र बर्षामा पानी पस्न नदिन अन्य अवस्थामा ढकनी वन्द नै राखिनु पर्दछ ।

४. **भेन्ट पाइपः** पिट भित्र जैविक विघटनको प्रक्रियाबाट उत्पादन हुने ग्यासलाई निकास दिन पिटको बीचमा १०० मी मी मोटो करिव १५०० मी मी लामो पाइप ठाडो जडान गरिनु पर्दछ। यस पाइपको माथि हावा नछेकिने तर बर्षाको पानी नपस्ने गरी ढकनी लगाउनु पर्दछ ।


५. **पिटको मुख भुइँ सतहभन्दा उचाइमा राख्नेः** बर्षाको पानी परी वा अन्य अवस्थामा भुइँमा पानी जम्ने अवस्था आएमा पिटको मुखबाट पानी पस्न नदिन पिटलाई जमिनबाट करिव १२०० मी मी जति उठाउनु पर्दछ ।

६. **पिटको फेदमा माटो राख्नेः** जैविक विघटनको प्रक्रियालाई प्रभावकारी वनाउन पिटको फेदमा करिव १५० मी मी मोटो माटो हाल्नु पर्दछ ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

प्लासेन्टा पिटको डिजाईन




सुदर्शन बराल
सामाजिक विकास मन्त्री